# विश्व जनसंख्या दिवस २००८ का अवसरमा वक्तव्य

## थोराया अहमद ओवाइद

कार्यकारी निर्देशक, राष्ट्रसङ्घीय जनसंख्या कोष, युएनएफपिए
विश्व जनसंख्या दिवस
११ जुलाई २००८

आज विश्व जनसंख्या दिवस मनाइरहँदा हामीले मानवीय प्रतिष्ठा एवं त्रास र दरिद्रताबाट स्वतन्त्रतापूर्वक बस्न पाउने अधिकारप्रति हाम्रो प्रतिबद्धता पुनः दोहोऱ्याऔं । चरम गरिबी र भोक निर्मूल गर्न एवं मानिस तथा हाम्रो पृथ्वी ग्रहको स्वास्थ्य सुधार गर्न सहश्राब्दी विकासको लक्ष्य हासिल गर्ने प्रयासलाई तिब्रता देऔं ।

महिलाको सशक्तीकरणलाई बढावा दिन र सन् २०१५ सम्ममा प्रजनन स्वास्थ्यका लागि विश्वव्यापी पहुँच सुनिश्चित गर्न हामीले शक्तिलाई एकत्रित गर्नैपर्छ । प्रजनन स्वास्थ्य सेवाले महिलाहरु, आमाहरु र उनीहरुका बालबच्चाको स्वास्थ्य सुरक्षित गर्दछ ।

मातृ स्वास्थ्यमा सुधार गर्ने लक्षका लागि स्रोतहरु अत्यन्त न्यून हुँदैछ र यो सबैभन्दा पछि परिरहेकोले यस कार्यलाई प्राथमिकता दिनु पर्दछ ।

प्रत्येक महिलाले स्वास्थ्य सेवामा उनको जीवनचक्रभर र खासगरी गर्भावस्था र सुत्केरी अवस्थामा यदि पहुँच प्राप्त गर्न सकेको भए मातृ मृत्यु र असमर्थता नाटकीयरुपमा कम गर्न सकिन्थ्यो । आज लाखौं महिलाहरुलाई स्वास्थ्य सेवाको अभावले गर्दा उनीहरुको जीवनलाई सङ्कटमा पुऱ्याउँछ ।

महिलाहरुलाई बसोबास गरेकै ठाउंमा सम्म स्वास्थ्य सेवा पुऱ्याउने कार्यलाई सुनिश्चित गर्न अब तिब्रता दिने समय हो । मातृ स्वास्थ्यका लागि तीनवटा प्रजनन स्वास्थ्य सेवाहरु महत्वपूर्ण छन् : शिशु जन्ममा सीपयुक्त सहायक, आपतकालीन प्रसव हेरचाह एवँ जन्मान्तरका लागि परिवार नियोजन ।

महिलाको सशक्तीकरण र लैंगिक समानताका लागि परिवार नियोजन पनि आवश्यक हो । एउटी महिलाले जब उनको परिवारलाई व्यवस्थित गर्न सक्छिन् उनले आफ्नो बाँकी जीवन पनि व्यवस्थित गर्न सक्छिन् । परिवार नियोजनका लागि सूचना र सेवाले व्यक्ति र दम्पतिलाई आफ्ना सन्तानको संख्या, जन्मान्तर र समय निर्धारणका लागि उनीहरुको अधिकार निश्चित गर्दछ ।

परिवार नियोजन गरिबी विरुद्ध संघर्ष गर्ने एउटा प्रभावकारी साधन पनि हो । आमाबाबुले योजना बनाउन सक्छन् एवं प्रत्येक बालबच्चाको लागि उनीहरुले आफ्नो स्रोतसाधनलाई शिक्षा र स्वास्थ्यमा समर्पण गर्न सक्छन् । यसबाट परिवार, समुदाय र राष्ट्रले फाइदा लिनसक्छ ।

आज, विश्व जनसंख्या दिवसका अवसरमा युएनएफपिए - संयुक्त राष्ट्र जनसंख्या कोष - ले सबै मानिसको स्वास्थ्य र समान अवसरका लागि सहयोग गर्ने आफ्नो समर्पणप्रति प्रतिज्ञा गर्दछ ।

सन् २०१५ सम्ममा प्रजनन स्वास्थ्यको विश्वव्यापी पहुँचलाई सुनिश्चित गर्न तथा यस प्रतिज्ञालाई राजनीतिक प्रतिबद्धता र आर्थिक लगानीबाट आधार प्रदान गर्न हामी सबै सरकारहरुलाई आह्वान गर्दछौं । प्रजनन स्वास्थ्यलाई प्राथमिकता बनाउने यही उपयुक्त समय हो ।

* * *